नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ २२ गते २०३३ साल

निर्वाचन आयोगको
सूचना

मेची, वाग्मती, गण्डकी र भेरी अञ्चलमा हुने विभिन्न तहको पञ्चायतहरूको निर्वाचनमा उम्मेदवारहरूले आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गराउँदा देहायबमोजिमको उम्मेदवारी शुल्क नगदमा बुझाउनु पर्ने गरी निर्वाचन आयोगले निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उम्मेदवारी शुल्क

गाउँ सभा र नगर सभा सदस्य पदको उम्मेदवारी शुल्क रू.	१०।–
गाउँ पञ्चायत सदस्य र नगर पञ्चायत सदस्य पदको शुल्क रू.	१०।–
गाउँ तथा नगर पञ्चायतको प्रधान पञ्च, उप–प्रधान पञ्च पदको शुल्क रू.	१५।–
नगर पञ्चायतबाट जिल्ला सभा सदस्य पदको शुल्क रू.	१५।–
जिल्ला पञ्चायत सदस्य पदको उम्मेदवारी शुल्क रू.	२०।–
जिल्ला पञ्चायत सभापति, उप–सभापति पदको शुल्क रू.	२५।–
राष्ट्रिय पञ्चायत सदस्य पदको उम्मेदवारी शुल्क रू.	५०।–

उम्मेदवारले आफूले बुझाइसकेको उम्मेदवारी शुल्क नाम फिर्ता लिएमा पनि फिर्ता पाउने छैन ।

आज्ञाले–
थीरबहादुर रायमाझी
सचिव
निर्वाचन आयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।